नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :-

मिति :.........................

## काठमाडौँ उपत्यकामा तरकारीको अस्वाभाविक मूल्य वृद्धि सम्बन्धमा बसेको बैठक सम्बन्धी प्रेस-विज्ञप्ति

आज प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव महेन्द्रमान गुरुङको अध्यक्षतामा शहरी क्षेत्रमा खासगरी काठमाडौँ उपत्यकामा तरकारीको मूल्य आकाशिएको र मूल्य नियन्त्रण गर्ने विषयमा सम्बद्ध सरोकारवालाहरुसंग छलफल भयो | यस विषयमा प्रधानमन्त्री कार्यालयका तर्फबाट सचिवज्यूले जिम्मेवार निकाय र पदाधिकारीहरुलाई मूल्य नियन्त्रण प्रभावकारी बनाउन बजार अनुगमनमा विशेष जोड दिन निर्देशन दिनुभयो | त्यसैगरी, कृषि विकास मन्त्रालयले तरकारी बजारको नियमित अनुगमन गर्ने र त्यस अनुगमनले बजारमा के कस्तो प्रभाव पार्यो सोको प्रतिवेदन प्रधानमन्त्री कार्यालयलाई दिने, तरकारी बजारलाई विशेष फोकस गरेर अनुगमन कडा गर्ने, जिल्लाहरुमा जिल्ला प्रशासन कार्यालयहरुले बजार अनुगमन थप तीव्र पार्ने, बजारमा हुने उतार चढावलाई नियन्त्रण गर्न के गर्न आवश्यक हुन्छ सोबारे कृषि विकास मन्त्रालयले आवश्यक अध्ययन गर्ने, यसरी हुने मूल्य वृद्धिमा बिचौलियाहरुको भूमिका हुनसक्ने भएकोले तरकारीको कारोबारमा संलग्न रहेका ठूला व्यापारीहरुउपर राजस्व अनुसन्धान विभाग र आन्तरिक राजस्व विभागलाई परिचालन गर्न अर्थ मन्त्रालयलाई अनुरोध गर्ने, बजारमा मूल्य निश्चित तहभन्दा माथि जान थालेपछि सजग हुने प्रणाली विकास गर्ने र हाल भैरहेको मूल्य वृद्धि अझैपनि घटेन भने पुनः यसबारे प्रधानमन्त्री कार्यालयमा बैठक राखी थप प्रभावकारी कदम चाल्न सम्बन्धित पक्षलाई निर्देशन दिनुभयो |

यस बैठकमा कृषि विकास मन्त्रालय, गृह मन्त्रालय, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभाग, उपभोक्ता हित समूहहरु, कालीमाटी तरकारी बजार विकास समिति, पत्रकारजगत लगायत सम्बद्ध पक्षहरुको सहभागिता थियो |

**२०७४ कार्तिक २६ गते आइतबार**

२०७४/७/२६

प्रद्युम्नप्रसाद उपाध्याय
उपसचिव
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार |